# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### फर्पिङ, काठमाडौं
### ३ नं. प्रदेश, नेपाल

## दक्षिणकाली नगरपालिका क्षेत्रभित्र ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, वालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरूको निकासी कर असुल गर्ने सम्बन्धी बोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०४।०५**

यस दक्षिणकाली नगरपालिकाबाट आर्थिक वर्ष २०७५/०७६ को अवधिको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ)को ६ मा व्यवस्था भए बमोजिम तथा सोही ऐनको दफा ६२ को सेवा शुल्क १, २ को (घ) अन्तर्गत सडक बाटो पुर्वाधार उपयोग गरे बापत पूर्वाधार सेवा उपयोग शुल्क लिने गरी यस नगरपालिकाको आर्थिक ऐन बाट स्वीकृत भए बमोजिम हुने गरी यस नगरपालिकाबाट निकासी हुने निम्न बमोजिम बस्तुहरूमा निकासी शुल्क दस्तुर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित नेपाल कानुन बमोजिम दर्ता भई प्रमाण-पत्र लिएका ईच्छुक ठेकेदार, फर्म, कम्पनी, नेपाली नागरिक समेतले बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र खरिद गरी उल्लेखित आधारमा कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफनो प्रतिनिधि मार्फत ३१औं दिनमा १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ। उक्त बोलपत्र विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np मार्फत डाउनलोड गरी बुझाउन सकिने छ। दर्ता हुन आएका बोलपत्रहरू समेत ३१औं दिनको १ बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट तोकिएको समयमा हुनेछ। बोलपत्रको साथमा ठेक्का कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट ७५ दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ। उल्लेखित ठेक्कामा कर/दस्तुर दररेट र शर्तहरू बोलपत्र फारममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेभसाईट www.dakshinkalimun.gov.np मा समेत टाँस गरिनेछ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७० अनुसार सम्पूर्ण ठेक्का रकम सम्झौता गर्दाका बखत एकमुष्ट बुझाएमा १० (दश) प्रतिशत छुट दिने व्यहोरा समेत जानकारी गराईन्छ। बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

**तपशिल**

| ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक (मू.अ.कर बाहेक) | टेण्डर फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/२०७५/०७६ | ढुंगा, गिट्टी, बालुवा, माटो तथा अन्य प्राकृतिक स्रोतहरुको निकासी कर सम्बन्धी | २,३०,००,०००/- (दुई करोड तीस लाख रुपैया मात्र) | रु. ३,०००/- | |

**बोलपत्र पाईने स्थान :**
जिल्ला प्रशासन कार्यालय, काठमाडौं
जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं
को.ले.नि.का. कार्यालय, काठमाडौं
दक्षिणकाली नगरपालिकाको कार्यालय।

**खाताको विवरण :**
राजश्व खाता नं. १७००३०४०१८१०४
राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखा।
धरौटी खाता नं. १७००३०३००७१०४
राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखा।

**थप जानकारीको लागि :**
दक्षिणकाली नगर
कार्यपालिकाको कार्यालय,
फर्पिङ, काठमाडौं।
फोन नं. ०१-४७१००२८